# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

शाखा कार्यालय, दमौली

## कर्लुङ्ग खानेपानी आयोजना मर्मत सम्भार कार्य गर्ने/गराउने बारेको

## सिलबन्दी दरभाउपत्र आह्वानको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७७/१२/०६**

यस वित्तीय संस्थाको शाखा कार्यालय, दमौलीको कार्यक्षेत्र अन्तरगतको व्यास नगरपालिका वडा नं - १२, तनहुँ स्थित **कर्लुङ्ग खानेपानी** आयोजनाको आवश्यक मर्मत सम्भार कार्य गराउनका लागि तपशिलमा उल्लेख भए अनुसारहरु कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनू पर्ने भएकोले सो सम्बन्धी कार्य गरेको अनूभवी इच्छूक फर्म/निर्माण कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउ पत्र पेश गर्न हून यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

**दरभाउपत्र नं** :- CSR-SQ/01/077/78

**Repair and Maintainence Works of Karlung khanepani Water Supply Project.**

| SUMMARY | | | |
|---|---|---|---|
| **S.N.** | **Items** | **Job** | **Quantity** |
| 1 | 20 m3 Ferro cement Reserve Tank 1 | no. | 1 |
| 2 | 20 m3 Ferro Cement Reserve Tank 2 | no. | 1 |
| 3 | Pipes (GI + HDPE) | m | 1130 |
| 4 | Pipe Jointing works | m | 1130 |
| 5 | Fittings | no. | 68 |
| **Estimated Amount Without VAT Rs.** | | | **1,219,595.87** |

**दरभाउपत्र सम्बन्धी सर्तहरु :**

१. दरभाउपत्रमा समावेश हून चाहने फर्म/ निर्माण कम्पनीहरुले माथि उल्लेख गरिए अनुसारका कार्य तथा सामानहरुको लागि दरभाउपत्र खरिद गरि पेश गर्नू पर्नेछ । उक्त दरभाउपत्र सम्बन्धी कागजात यो सुचना प्रकाशित भएको मितिदेखि १५औं दिनको (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खूलेको दिन) ३:०० बजेसम्म यस वित्तीय संस्थाको शाखा कार्यालय, दमौली तनहुँ र केन्द्रीय कार्यालय मध्येबानेश्वर काठमाण्डौबाट पछि फिर्ता नहूने गरी प्रति दरभाउपत्र रु.१,०००।- (अक्षरेपी एक हजार मात्र) तिरी खरिद गर्न सकिनेछ । दरभाउपत्र राखिएको खामको बाहिर शीरमा कुन कामको लागी शीलबन्दी दरभाउपत्र पेश गरिएको हो सोको विवरण समेत उल्लेख गरिएको हूनु पर्नेछ ।

२. दरभाउपत्र फाराम खरिद गर्न आउँदा सम्बन्धित फर्म तथा कम्पनीले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (मु.अ.कर समेत), आ.व.२०७७/७८ को कर चुक्ता प्रमाण पत्र सहित आधिकारिक निवेदन पेश गर्नू पर्नेछ ।

३. सुचना प्रकाशित भएको मितिदेखि १६औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खूलेको पहिलो दिन) को अपरान्ह १२:०० बजेभित्र यस वित्तीय संस्थाको शाखा कार्यालय, दमौली तनहुँमा दरभाउपत्र दाखिला भई सक्नु पर्नेछ ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खूलेको पहिलो दिनको) दिउँसो ३:०० बजे दरभाउपत्र दाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधिको उपस्थितिमा दरभाउपत्र यस वित्तीय संस्थाको शाखा कार्यालय, दमौली तनहुँमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको अख्तियारी प्राप्त प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा परेको मानिने छैन ।

५. दरभाउपत्रको साथमा कबोल अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) रकम यस वित्तीय संस्थाको नाममा बैंक अफ काठमाण्डौ लि., कमलादीमा रहेको खाता नं. ०१०००००५१०३८-५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर वा यस वित्तीय संस्थाको पक्षमा जारी भएको बोलपत्र पेश गर्ने मितिले ९० दिन मान्य अवधि रहेको बैंक ग्यारेण्टी संलग्न गर्नू पर्नेछ ।

६. दरभाउपत्र सम्वन्धी विस्तृत विवरण र दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु तथा गर्नू पर्ने कार्यहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम तथा सो बाहेक अन्य कूराहरु सार्वजनिक खरिद ऐन (संसोधन सहित) तथा वित्तीय संस्थाको विनियमावलीमा उल्लेख भए बमोजिम हूनेछ ।

७. प्राप्त दरभाउपत्रहरु स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार वित्तीय संस्थामा निहित हूनेछ । सो कारवाही सम्बन्धी कूनै कूरा प्रकाशमा ल्याउन वा जानकारी दिन वित्तीय संस्था बाध्य हूने छैन ।

८. यस सम्बन्धी थप जानकारी चाहिएमा यस वित्तीय संस्थाको केन्द्रिय कार्यालय प्रशासन विभाग काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । दरभाउपत्र सम्बन्धी यस वित्तीय संस्थाको Website मा पनि हेर्न सकिन्छ ।